


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार


देशको आर्थिक सामाजिक विकासमा ५७ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष २९ अंक ४ वैशाख – असार २०७९ Year 29 Vol 4 May 2022 - July 2022


## राष्ट्रिय वाणिज्य बैंकको गत चौथो त्रैमाससम्मको वित्तीय विवरणहरु सार्वजनिक

# खुद मुनाफा पाँच अर्ब २१ करोड रुपैयाँ

**काठमाडौं, २० साउन**

नेपाल सरकारको स्वामित्व रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व.२०७८/७९ को चौथो त्रैमाससम्मको वित्तीय विवरणहरु प्रकाशित भएको छ । बैंकले यस अवधिमा पाँच अर्ब २१ करोड रुपैयाँ खुद मुनाफा आर्जन गर्न सफल भएको छ । गत आ.व. को सोही अवधिमा बैंकको खुद मुनाफा ३ अर्ब ७९ करोड रुपैया रहेको थियो । यस अवधिमा बैंकको कर्जा लगानी तथा गुणस्तरमा उल्लेखनीय सुधार भई ब्याज आम्दानी बढेकाले खुद मुनाफा बढेको हो ।

आ.व. २०७८/७९ को बैंकको खुद ब्याज आम्दानी रु. ९ अर्ब ६७ करोड (गत वर्ष रु. ८ अर्ब २४ करोड), कुल संचालन आम्दानी रु. ११ अर्ब २७ करोड (गत वर्ष रु. ९ अर्ब ७६ करोड), संचालन नाफा रु. ७ अर्ब १ करोड (गत वर्ष रु. ५ अर्ब ९ करोड), कुल समग्र आम्दानी (Total Comprehensive Income) रु. ३ अर्ब ८ करोड (गत वर्ष रु. ६ अर्ब ३७ करोड) तथा वितरणयोग्य मुनाफा रु. ३ अर्ब ३ करोड रहेको छ ।

२०७९ आषाढ मसान्तमा बैंकको ग्राहक निक्षेप रु.२ खर्ब ५९ अर्ब र खुद कर्जा तथा सापट रु. २ खर्ब २९ अर्ब पुगेको छ । अघिल्लो वर्षको सोही मितिको तुलनामा बैंकको निक्षेपमा १.८९ प्रतिशतले कमी र कर्जा तथा सापटमा १८ प्रतिशतले वृद्धि भएको छ । आ.व. २०७८/७९ मा बैंकको शेयरधनी कोष रु. ४ अर्ब ८१ करोडले वृद्धि भई रु. ३३ अर्ब ४८ करोड र कुल सम्पत्ति रु.१९ अर्ब रुपैंयाले वृद्धि भई रु. ३ खर्ब २९ अर्ब पुगेको छ ।

२०७९ आषाढ मसान्तसम्ममा पुँजी कोष अनुपात (Capital Adequacy Ratio) १३.९७ प्रतिशत, कर्जा र निक्षेप अनुपात (CD Ratio) ८५.८९ प्रतिशत, आधार दर (Base Rate) ७.६३ प्रतिशत, ब्याजदर अन्तर (Spread Rate) ४.२९ प्रतिशत, कोषको लागत दर (Cost of Fund) ६.०१ प्रतिशत तथा प्रतिशेयर आम्दानी (Earning Per Share) रु.३४.९० रहेको छ । यस अवधिमा बैंकको निष्क्रिय कर्जा अनुपातमा (NPA) उल्लेखनीय सुधार भई २ प्रतिशतमा झरेको छ ।

आ.व.२०७८/७९ को चौथो त्रैमाससम्मको समिक्षा अवधिमा बैंकले खुद मुनाफा, कर्जा, शेयरधनी कोष, कर्जाको गुणस्तर लगायत समग्र व्यावसायिक नतिजाहरुमा उत्साहजनक प्रगति हासिल गर्न सफल भएको छ भने नेपाल राष्ट्र बैंकले निर्धारण गरेको सूचकाङ्कहरु परिपालना गर्न तथा प्रमुख परिसूचकहरुमा सुविधाजनक स्थिति कायम गर्न सफल भएको छ ।

बैंकको उपरोक्त सफलताको लागि उल्लेखनीय योगदान पुर्‍याउनु हुने सम्पूर्ण निक्षेपकर्ता, कर्जा ग्राहक, शेयरधनी, नेपाल सरकार, कार्यरत कर्मचारी लगायत समग्र सरोकारवालाहरु प्रति बैंक हार्दिक धन्यवाद प्रकट गर्दछ साथै भविष्यमा अझै उत्कृष्ट सेवा प्रदान गर्दै उत्कृष्ट नतिजा हासिल गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

## विभाग स्तरीय लक्ष्य, प्रगति समिक्षा गोष्ठी सम्पन्न

**काठमाडौं, ८ साउन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको विभाग स्तरीय गत आ.व. २०७८/०७९ को वार्षिक लक्ष्य, प्रगति समीक्षा तथा आ.व.२०७९/०८० को बजेट कार्यन्वयन रणनीतिक गोष्ठी सम्पन्न भएको छ । सो गोष्ठीको बैंक सञ्चालक समितिका अध्यक्ष डा. बलराम पाठकले उद्घाटन गर्नुहुदैं सरकारी बैंकले राज्यको नीति नियमको पालना गर्दै प्रतिस्पर्धामा नीजि बैंक भन्दा अगाडि हुनु पर्ने बताउनुभयो । सो गोष्ठीमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले आगामी दिनमा बैंकले ठुलो फड्को मार्ने गरी कार्य गर्ने नीति लिएको त्यसको लागि सबैले थप मेहनेतका साथ कार्य गर्नुपर्ने बताउनुभयो । काठमाडौंको चन्द्रागिरीमा दुई दिन सम्म सञ्चालित सो गोष्ठिमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृतद्वय देवेन्द्र रमण खनाल, सरस्वती अधिकारी, उपकार्यकारी अधिकृतहरु विभागीय




प्रमुखहरु, प्रादेशिक कार्यालयका प्रवन्धकहरु, मुख्य शाखा कार्यालयका प्रवन्धक लगायतको उपस्थिति रहेको थियो ।

# सशस्त्र प्रहरी बल र बैंक बीच तलबी बचत खाता तथा कर्जा सुविधा प्रदान गर्ने सम्बन्धी सम्झौता सम्पन्न



**काठमाडौं, १४ बैशाख**

सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय वाणिज्य बैंक लिमिटेड बीच सशस्त्र प्रहरी कर्मचारीहरुको हित तथा सुविधाका लागि तलबी बचत खाता सञ्चालक तथा कर्जा कारोवार लगायतका बैंकिङ्ग सुविधा प्रदान गर्ने सम्वन्धमा सम्झौता भएको छ ।

सशस्त्र प्रहरी महानिरीक्षक पुष्पराम के.सी.को प्रमुख आतिथ्य तथा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठको उपस्थितीमा सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हल्चोक स्वयम्भूमा आयोजित एक समारोहका बीच सशस्त्र प्रहरी नायव महानिरीक्षक बिदुर खड्का र बैंकको तर्फबाट नायव प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारीले सो सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको हो ।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले बैंकको हालको अवस्था, वैंकले प्रदान गर्दै आएको सेवावारे जानकारी गराउनुहुँदै ७ प्रदेश ७७ जिल्लामा नै शाखा रहेको यस वैंकले सशस्त्र प्रहरी बल नेपालसँग सहकार्य गर्न पाउँदा आफूलाई अत्यन्तै खुशी लागेको वताउनुभयो । बैंकले गत आ.व. को मुनाफावाट ३३ प्रतिशत लाभांश दिन सफल भएको समेत जानकारी गराउनुभएको थियो ।

त्यस अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक पुष्पराम के.सी.ले संगठनले विभिन्न कल्याणकारी योजनाहरु मार्फत राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरुलाई विभिन्न सुविधाहरु प्रदान गर्दै आईरहेको उल्लेख गर्नुहुँदै सरकारी स्वामित्वमा रहेको राष्ट्रिय वाणिज्य बैंकसँग भएको यस सम्झौता सँगै सशस्त्र प्रहरी कर्मचारीहरुले उक्त बैंकले प्रदान गरिरहेको विभिन्न सुविधा लगायत कर्जा सुविधा समेत न्यून शुल्कमा प्राप्त गर्न बताउनुभयो ।

उहाँले राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरुलाई प्रदान गरिने सेवा तथा सुविधा वितरणमा उक्त बैंकले पुर्‍याउने सहयोगप्रती हार्दिक आभार प्रकट गर्नुहुँदै सो सुविधाले सकल दर्जाका कर्मचारीहरुको हौसला अभिवृद्धि भई राज्यप्रदत्त जिम्मेवारीहरुमा अझ कटिबद्ध भई क्रियाशिल रहन उर्जा प्रदान गर्ने विश्वास समेत व्यक्त गर्नुभयो ।

सशस्त्र प्रहरी बल नेपालमा कार्यरत राष्ट्रसेवकहरुले पाउने तलव भत्ता तथा आर्थिक सुविधाहरु अनिवार्य रुपमा बैंक खाता मार्फत भुक्तानी गर्नुपर्ने नेपाल सरकारको नीति अनुरुप भएको सो सम्झौता सँगै सशस्त्र प्रहरी कर्मचारीहरुले विना धितो ५ वर्षका लागि अधिकतम रु. १५ लाख सम्मको ऋण सुविधा पाउनुका साथै बैंकले प्रदान गरिरहेको अन्य विविध सुविधाहरु समेत पहिलो वर्षको लागि नि:शुल्क र त्यसपश्चात न्यून शुल्कमा उपभोग गर्न पाउने छन् ।

यसै बीच गत जेठ १७ गते राष्ट्रिय वाणिज्य बैंक लिमिटेडद्धारा सशस्त्र प्रहरी बल नेपालमा कार्यरत कर्मचारीहरुका लागि काठमाडौंको हल्चोक स्थित वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ ।

कार्यक्रममा बैंकका ब्रान्च अपरेशन विभागकी प्रमुख दुर्गा कँडेल( छत्कुली)ले बैंकमा खाता खोल्ने, केवाइसी, डिजिटल बैंकिङ्ग तथा पेशाकर्मी सरल कर्जा सम्बन्धी प्रशिक्षण दिनु भएको थियो । त्यसैगरी बैंकको सहायक कम्पनी आरविवि मर्चेन्टका प्रमुख कार्यकारी अधिकृत बद्रीप्रसाद प्याकुरेलले डिम्याट खाता, आस्वा सेवा तथा पूँजीबजार सम्बन्धी प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा सशस्त्र प्रहरी बलका प्रहरी उपरीक्षक हेमबहादुर

थप समाचार पृष्ट ४

# राष्ट्रिय वाणिज्य बैंक लि. र नेपाल पुनर्बीमा कम्पनी बीच सम्झौता




**काठमाडौं, १३ जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल पुनर्बीमा कम्पनी लिमिटेड बीच तलबी खाता तथा पेशाकर्मी सरल कर्जा प्रवाह गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र पुनर्बीमाका प्रमुख कार्यकारी अधिकृत शंकरकुमार रायमाझीले हस्ताक्षर गर्नुभएको छ ।

उक्त सम्झौता भएपश्चात दुईवर्ष सेवाअवधि पूरा गरेका पुनर्बीमा कम्पनीका कर्मचारीहरुलाई पुनर्बीमाको सिफारिसमा अधिकतम १५ लाख रुपैंया सम्म बैंकको उपभोक्ता कर्जा निर्देशिका, २०७७ को अधिनमा रही बैंकले पेशाकर्मी सरल कर्जा प्रवाह गर्ने छ । बैंकले आधार दरमा २ प्रतिशत प्रिमियम जोडी ब्याजदर कायम गरी कर्जा लगानी गर्ने छ । हाल बैंकको आधार दर ६.९७ प्रतिशत रहेको छ । सम्झौता अनुसार पुनर्बीमा कम्पनीको कर्मचारीहरुको तलबी खाता बैंकले सञ्चालक गर्नेछ । यस सम्भौता पश्चात दुवै पक्ष लाभान्वित भई पुनर्बीमाका कर्मचारीहरुको सम्मानपूर्वक जीवनयापन गर्नमा विशेष योगदान पुग्ने विश्वास गरिएको छ ।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले यो सम्झौताले दुई सरकारी संस्थाको व्यवसाय विस्तारमा सहयोग पुग्ने बताउनुभयो । पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत शंकरकुमार रायमाझीले दुई संस्थाबीचको सम्बन्धलाई व्यवहारीक र बस्तुपरक बनाउदै लैजाने बताउनुभयो । कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत देवेन्द्ररमण खनालले कार्यक्रमको विषयबस्तु बारे प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा बैंकका विभागीय प्रमुख राज्य लक्ष्मी खड्गी, पुनर्बीमा कम्पनीका बरिष्ठ प्रबन्धक रन्जना थकुलवट, प्रबन्धक सरोज कोइराला, थापाथली शाखाका शाखा प्रबन्धक बिक्रममान श्रेष्ठ लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# नेतृत्व तथा सञ्चार सम्बन्धी कार्यशाला सम्पन्न

**काठमाडौं, १८ जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा नेतृत्व विकास तथा सञ्चार सम्बन्धी कार्यशाला काठमाडौंमा सम्पन्न भएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, लगायत उच्च व्यवस्थापनका पदाधिकारीहरु, विभागीय प्रमुखहरु, मुख्य शाखाका प्रबन्धक, बागमती प्रादेशिक कार्यालयका प्रबन्धक, तथा विभिन्न विभागका कर्मचारी समेत गरी ३४ जना बैंक कर्मचारीहरुको कार्यशालामा उपस्थिति रहेको थियो । अन्तर्राष्ट्रिय प्रशिक्षक भरत अभलानीले Business story telling foundations, Communicating decisions, Changes and ideas, Influence and demonstrate value विषयमा विषयगत प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकको व्यवसायीक निर्णय प्रक्रियामा कार्यशाला सहयोगसिद्ध हुने बताउनुभयो ।

# राष्ट्रिय वाणिज्य बैंकले विभिन्न कम्पनीको शेयरमा गरेको लगानीको विवरण:

| क्र.स. | कम्पनीको नाम | लगानीको किसिम | शेयर संख्या | लगानी रकम रु. |
|---|---|---|---|---|
| १ | कृषि आयोजना सेवा केन्द्र लि. | साधारण शेयर | २००.०० | २,००,०००.०० |
| २ | नेपाल आयल निगम | साधारण शेयर | ५६४३०.०० | १,००,०००.०० |
| ३ | नेशनल लाईफ इन्सुरेन्स कं. लि. | साधारण शेयर | ८३१०९१.०० | ११,५५,८४,७३०.०० |
| ४ | आर्थिक विकास केन्द्र लि. | साधारण शेयर | १२५००.०० | १२,५०,०००.०० |
| ५ | नेको इन्सुरेन्स कं. लि. | साधारण शेयर | २२८२४४९.०० | १४,०४,२४,६४०.०० |
| ६ | गोरखकाली रबर उद्योग लि. | साधारण शेयर | १९९७७७.०० | १,४९,८३,२७५.०० |
| ७ | एस ल्यावरेटरी नेपाल लि. | साधारण शेयर | १३८०.०० | १,३८,०००.०० |
| ८ | कर्जा सुचना केन्द्र लि. | साधारण शेयर | १०७१०५.०० | ६,५३,०००.०० |
| ९ | एन.एल.जी.इन्सुरेन्स कं.लि. | साधारण शेयर | २१९२७४.०० | १,२१,८४,८७५.०० |
| १० | नेपाल बैंकिङ्ग ट्रेनिङ्ग इन्सटिच्युसन | साधारण शेयर | १८३४९.०० | १८,३४,८६०.०० |
| ११ | नेपाल क्लियरिङ्ग हाउस लि. | साधारण शेयर | ६८५५८.०० | २५,००,०००.०० |
| १२ | जलविद्यूत लगानी तथा विकास कम्पनी लि. | साधारण शेयर | ३१८५९८.०० | १,४४,८१,८००.०० |
| १३ | आरविवि मर्चेन्ट बैंकिङ्ग लि. | संस्थापक शेयर | २००००००.०० | २०,००,००,०००.०० |
| १४ | आरएमडिसी लघूवित्त वित्तीय संस्था लि. | साधारण शेयर | १६४९७८.०० | ८२,९५,०००.०० |
| १५ | युनाईटेड इन्सुरेन्स कं. लि. | साधारण शेयर | ५१४०८०.०० | ४,८२,८८,०००.०० |
| १६ | बुटवल पावर कम्पनी लि. | साधारण शेयर | २९३९०.०० | ७०,४०,७७५.०० |
| १७ | तारागाउ रिजेन्सी होटल लि. | साधारण शेयर | ३०००००.०० | ३,००,००,०००.०० |
| १८ | श्रीराम सुगरमिल्स लि. | साधारण शेयर | ५००००.०० | ५०,००,०००.०० |
| १९ | लक्ष्मी इक्युटि फण्ड | म्युचुअल फण्ड | ५९०२५८७.०० | ५,८९,७०,६९२.०० |
| २० | सानीमा इक्युटि फण्ड | म्युचुअल फण्ड | १२५००००.०० | १,२५,००,०००.०० |
| २१ | सिटिजन म्युच्युअल फण्ड | म्युचुअल फण्ड | २००००००.०० | २,००,००,०००.०० |
| २२ | एनआइसि एशिया ग्रोथ फण्ड | म्युचुअल फण्ड | २०५००००.०० | २,०४,८१,५१३.०० |
| २३ | सिद्धार्थ इक्युटि फण्ड | म्युचुअल फण्ड | ९६७७४८.०० | ९६,७७,४८०.०० |
| २४ | नविल ब्यालेन्स फण्ड २ | म्युचुअल फण्ड | ५००००००.०० | ५,००,००,०००.०० |
| २५ | कृषि चुन उद्योग लि. | साधारण शेयर | ५००.०० | ५,००,०००.०० |
| २६ | नेपाल औषधी लि. | साधारण शेयर | ७००.०० | ७,००,०००.०० |
| २७ | औद्योगिक क्षेत्र व्यवस्थापन कं. | साधारण शेयर | ९३६४५.०० | ९३,६४,०००.०० |
| २८ | नेपाल मेटल कम्पनी | साधारण शेयर | ११९४००.०० | ११,९४,०००.०० |
| २९ | वालाजू यन्त्रशाला प्रा.लि. | साधारण शेयर | ९४५२.०० | ९,४५,२००.०० |
| ३० | एभरेष्ट फूड लि. | प्राथमिक शेयर | १०००००.०० | १,००,००,०००.०० |
| ३१ | हिमाल सिमेन्ट कं. | साधारण शेयर | ३९९५१८.०० | ३,६८,९२,१००.०० |
| ३२ | बुटबल सुती धागो उद्योग | साधारण शेयर | २५२१४०.०० | २,५२,१४,०००.०० |
| ३३ | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था | साधारण शेयर | २२५४९४.०० | २,२५,४९,४००.०० |
| ३४ | नेपाल टेलिकम | साधारण शेयर | १२७२.०० | ८,४१,५११.०० |
| ३५ | नेपाल स्टक एक्स्चेन्ज लि. | साधारण शेयर | ३६८१७९.०० | २१,४२,५००.०० |
| ३६ | राष्ट्र उत्थान लघुवित्त वित्तिय संस्था | साधारण शेयर | ५५००००.०० | ५,५०,००,०००.०० |
| ३७ | एभरेष्ट फुड लि. | साधारण शेयर | ५००००.०० | ५०,००,०००.०० |
| ३८ | नेपाल ल्युव आयल लि. | साधारण शेयर | ४७७८.०० | २,८५,७००.०० |
| ३९ | एन एम बि ५० | म्युचुअल फण्ड | ४००००००.०० | ४,००,००,०००.०० |
| ४० | सनराईज प्रस्ट म्युचुअल फण्ड | म्युचुअल फण्ड | ७००००००.०० | ७,००,००,०००.०० |
| ४१ | एनआइसि एशिया ब्यालेन्स फण्ड | म्युचुअल फण्ड | ३००००००.०० | ३,००,००,०००.०० |
| ४२ | सिद्धार्थ इन्भस्टमेन्ट ग्रोथ इस्किम | म्युचुअल फण्ड | ३००००००.०० | ३,००,००,०००.०० |
| ४३ | नेपाल वन निगम | साधारण शेयर | ४३३१०.०० | ६,००,०००.०० |
| ४४ | लक्ष्मी उन्नती कोश | म्युचुअल फण्ड | ८०२७७५०.०० | ८,०२,७२,१९३.०० |
| ४५ | एन आइ बि एल प्रगती फन्ड | म्युचुअल फण्ड | ७८७२.०० | ६७,२७३.०० |
| ४६ | सिटिजन इन्भस्टमेन्ट ट्रस्ट | साधारण शेयर | ४८०८८.०० | ५,२३,८२,५१०.०० |
| ४७ | सानीमा लार्ज क्याप फन्ड | म्युचुअल फण्ड | १००००००००.०० | १०,००,००,०००.०० |
| ४८ | फस्ट माइको फाइनान्स लघुवित्त | साधारण शेयर | १५००००.०० | ४,४२,५०,०००.०० |
| ४९ | नेशस्नल माइको फाइनान्स लघुवित्त | साधारण शेयर | ८२२८०.०० | ४,९७,८१,४९९.०० |
| ५० | फरर्वाड माइको फाइनान्स वित्तिय संस्था | साधारण शेयर | ५२०००.०० | ४,९८,०१,५५६.०० |
| ५१ | एन आइ बि एल सहभागीता फन्ड | म्युचुअल फण्ड | ३४००००००.०० | ४,९०,९६,०२५.०० |
| ५२ | आरविवि म्युचुअल फण्ड १ | म्युचुअल फण्ड | १३००००००.०० | १३,००,००,०००.०० |
| ५३ | एन आइ बि एल समृद्धि फन्ड २ | म्युचुअल फण्ड | ३६७२१२३.०० | ३,६७,२१,२३२.०० |
| ५४ | प्रभु सेलेक्ट म्युचुअल फण्ड | म्युचुअल फण्ड | १४६८१००.०० | १,४६,८१,०००.०० |
| ५५ | एनआइसि एशिया सेलेक्ट ३० | म्युचुअल फण्ड | ४९३०६०५.०० | ४,९३,०६,०५०.०० |
| ५६ | सनराईज ब्लु चिप फण्ड | म्युचुअल फण्ड | ४६०५०२८.०० | ४,६०,५०,२८०.०० |
| ५७ | कुमारी इक्युटि फण्ड | म्युचुअल फण्ड | २४०६६७०.०० | २,४०,६६,७००.०० |
| ५८ | हिमालयन रिइन्सुरेन्स लि. | साधारण शेयर | ५००००००.०० | ५०,००,००,०००.०० |
| ५९ | नेपाल डिजीटल पेमेन्ट लि. | साधारण शेयर | १५११११११.०० | १५,११,११,१००.०० |
| | जम्मा | | | २,४९,४२,०४,४७७.०० |

# राष्ट्रिय वाणिज्य बैंकको एक्सटेन्सन काउन्टर जिल्ला प्रशासन कार्यालय काभ्रेमा



**काठमाडौं, २९ असार**

बागमती प्रदेश काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल नगरपालिका स्थित जिल्ला प्रशासन कार्यालयमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५१ औं एक्सटेन्सन काउन्टर तथा राजश्व सङ्कलन केन्द्रको एक समारोहका बीच शुभारम्भ गरिएको छ। एक्सटेन्सन काउन्टरको समुद्घाटन जिल्ला प्रशासन कार्यालय काभ्रेका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले गर्नुभएको थियो ।

शाखा कार्यालय धुलिखेल मार्फत रहने सो एक्सटेन्सन काउन्टरबाट विभिन्न सरकारी कार्यालयबाट लिईने राजश्व, धरौटी, सेवा शुल्क, दस्तुर, कर्मचारी संचय कोष, नागरिक लगानी कोष लगायतको रकम जम्मा गर्न सकिने छ ।

बैंकका उपकार्यकारी अधिकृत सरस्वती अधिकारीको सभापतित्वमा भएको उक्त कार्यक्रम उप प्रबन्धक जितेन्द्रसिंह थापाले सञ्चालन गर्नुभएको थियो । सो अवसरमा काभ्रेका सहायक प्रमुख जिल्ला अधिकारी अमरदिप सुनुवार, सुरक्षा निकायमा प्रमुखहरु, पत्रकार महासंघ काभ्रेका उप सभापति विनोद न्यौपाने, बैंकका विभागीय प्रमुख दुर्गा कुमारी कंडेल, बागमती प्रादेशिक प्रबन्धक ध्रुवप्रसाद अर्याल, शाखा कार्यालय धुलिखेलका शाखा प्रबन्धक ईश्वरी ढुङ्गेल, बनेपाका शाखा प्रबन्धक जगन्नाथ अधिकारी, कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो । बैंकको हाल ७ प्रदेश, ७७ जिल्लामा २५८ वटा शाखा कार्यालय, ५१ वटा एक्सटेन्सन काउन्टर, २६८ वटा एटिएम र १०२ वटा शाखा रहित बैंकिङ्ग रहेको छ ।

# राष्ट्रिय वाणिज्य बैंकको कार्ड होल्डरलाई अन्नपूर्ण केबुलकारमा १०% छुट




**काठमाडौं, ११ जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र अन्नपूर्ण केबुलकार प्रा.लि.बीच बैंकका डेबिट/क्रेडिट कार्ड होल्डरहरुलाई केवलकारको भाडा रकममा १० प्रतिशत छुट गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी र अन्नपूर्ण केबुलकारका महाप्रबन्धक दिनेश पौड्यालले हस्ताक्षर गर्नुभएको छ ।

उक्त सम्झौता भएपश्चात कास्कीको पोखरामा रहेको अन्नपूर्ण केबुलकारमा यात्रा गर्दा बैंकका कर्मचारी तथा डेबिट/क्रेडिट कार्ड भएका ग्राहकहरुलाई केबुलकारले भाडा रकममा १० प्रतिशत छुट दिने छ ।

कार्यक्रममा बैंकका विभागीय प्रमुख सन्दीपजङ्ग कार्की, विभागीय उपप्रमुख अविता श्रेष्ठ लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# बैंकका अवकाश प्राप्त उच्च अधिकृतहरूको बिदाइ




**काठमाडौं, १ असार**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सेवाबाट अवकाश हुनुभएका बरिष्ठ अधिकृतहरुलाई एक समारोहका बीच बैंकले बिदाई गरेको छ। बिदाई कार्यक्रमको अध्यक्षता गर्दै प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले पुराना कर्मचारीहरुले बैंकमा भएका विभिन्न उतारचढाब देख्नु भएकाले नयाँ कर्मचारीहरुले उहाँहरुबाट धेरै कुराहरु सिक्न सकिने बताउनुभयो । व्यवसाय बृद्धि, आइटी इन्ह्यान्समेन्ट, सम्पत्ति व्यवस्थापन, हिसाव मिलान र निश्क्रिय कर्जा घटाउने अभियानमा अहिले बैंक अगाडि बढिरहेकाले कर्मचारीहरुको पनि ध्यान यस तर्फ केन्द्रीत हुनुपर्ने बताउनुभयो । बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालेले स्वागत मन्तब्य व्यक्त गर्दै प्रतिस्पर्धी बजारमा रा.वा.बैंक प्रति ठूलो चासो रहेको बताउँदै यसमा बिदाई भएर जानुहुने कर्मचारीहरुको योगदान रहेको बताउनुभयो ।

नायब प्रमुख कार्यकारी अधिकृतबाट बिदाई हुनेहुने सुशिल श्रेष्ठ, केशबप्रसाद लम्साल र कविराज अधिकारी, मुख्य प्रबन्धकबाट बिदाई हुनु हुने बाबुराम मरहट्टा, सुनिता मानन्धरलाई बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले प्रमाणपत्र तथा खादा प्रदान गर्नुभयो । सो कार्यक्रममा नायब प्रमुख कार्यकारी अधिकृतबाट बिदाई हुनेहुने सुशिल श्रेष्ठले ढिलै भएपनि संस्थाले वृत्ति विकासमा अवसर दिएको प्रति खुशी व्यक्त गर्नुभयो । नायब प्रमुख कार्यकारी अधिकृतबाट बिदाई हुनेहुने केशबप्रसाद लम्सालले बैंकले आफुलाई एमबिए पढाएर अगाडि बढ्न सहयोग पुगेको भन्दै व्यवस्थापनसँग प्राय बहस हुने गरे पनि त्यसले सकारात्मक परिणाम निकालेको बताउनुभयो । नायब प्रमुख कार्यकारी अधिकृतबाट बिदाई हुनेहुने कविराज अधिकारीले हामीले गर्ने हरेक दिनको कार्यलाई जनताले मिडिया मार्फत चासोपूर्वक हेरीरहने हुँदा हरेक कार्य ध्यानपूर्वक गरे बैंकका कर्मचारीहरुको लागि अवकाश पछि पनि बाहिर राम्रो मार्केट रहेको बताउनुभयो । मुख्य प्रबन्धकबाट विदाई हुनु हुने बाबुराम मरहट्टाले बैंकले हामीलाई सबैथोक दिएकाले बैंक हाम्रो दोस्रो आमाको रुपमा रहेको बताउँदै सबैले निष्ठाले कार्य गर्नुपर्ने बताउनुभयो । मुख्य प्रबन्धकबाट विदाई हुनु हुने सुनिता मानन्धरले सबैथोक बैंकले दिएको बताउँदै आगामी दिनमा बैंकको व्यवसाय बृद्धिमा अवकाश प्राप्त कर्मचारीहरुको सहयोग रहने बताउनुभयो ।

सो कार्यकममा राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका का.वा.अध्यक्ष रामप्रसाद जोशी, नेपाल वित्तीय संस्था कर्मचारी संघ रावा बैंकका अध्यक्ष ईश्वरबहादुर सिंह, नेपाल राष्ट्रिय कर्मचारी संगठन रावा बैंकका महासचिव उभार पाण्डे, उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु, मुख्य शाखा कार्यालयका प्रबन्धक, कर्पोरेट शाखाका प्रबन्धक लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन मानव संशाधन विभागका विभागीय प्रमुख भीमप्रसाद घिमिरेले गर्नुभएको थियो ।



# गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा बैंकिङ्ग कारोबार राष्ट्रिय वाणिज्य बैंक मार्फत हुने




**काठमाडौं, २ जेठ**

प्रधानमन्त्री सम्मानानीय शेरबहादुर देउवाले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको समुद्घाटन गर्नुभएसँगै सञ्चालनमा आएको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको सम्पूर्ण बैंकिङ कारोबार राष्ट्रिय वाणिज्य बैंकमार्फत हुने भएको छ ।

बैंकले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा सम्पूर्ण बैंकिङ कारोबार गर्नको लागि विमानस्थलमा सेवा विस्तार गरेको छ। यात्रु र सेवाग्राहीलाई आवश्यक पर्ने सम्पूर्ण बैंकिङ्ग सेवासुविधा प्रवाह गर्न बैंकले सोमबारबाट पाँचवटा नयाँ काउण्टर सञ्चालनमा ल्याएको हो ।

बैंकले विमानस्थलभित्र डिपार्चर काउण्टर, बोर्डिङ वेटिङ काउण्टर, एराइभल काउण्टर, कस्टम र कार्गो काउण्टर सञ्चालनमा ल्याइएको छ । काउण्टरबाट विदेशी मुद्राको सटही, भिसा शुल्क भुक्तानी, भन्सार शुल्क भुक्तानी, भ्याट रिफन्ड, एटिएम, पिओएस सेवा तथा अन्य बैंकिङ्ग करोबार गर्न सकिनेछ । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, ब्रान्च अपरेशन विभागकी विभागीय प्रमुख दुर्गाकुमारी कँडेल, सूचना प्रविधि विभागका बरिष्ठ प्रबन्धक गगनसिंह घिमिरे, शाखा कार्यालय भैरहवाका शाखा प्रबन्धक हरिराम पराजुली लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## समवेदना

यस बैंकका शा.का. गाईघाटमा कार्यरत सहायक रामसागर साह (११७२३) का पिता गंगाप्रसाद साह, शा.का. महेन्द्रपुलमा कार्यरत सहायक सहायक गोपाल पराजुली (१२०५०) का पिता डण्डपानी पराजुली, शा.का. श्रीपुरमा कार्यरत सु.गा. प्रेम राउत कुर्मी (११३१७) का पिता राजमान राउत कुर्मी, शा.का. दुल्लुमा कार्यरत नगद सहायक पदम हमाल (१२६५३) का पिता बमबहादुर हमाल, के.का. सामान्य सेवा विभागमा कार्यरत सवारी चालक बावुकाजी महर्जन (१११६१) की आमा प्रारण माया महर्जन, शा.का.नक्सालमा कार्यरत बरिष्ठ सहायक शान्ति दाहाल (१२५९१) का ससुरा पशुपतिनाथ पौडेल, शा.का.मन्थलीमा कार्यरत सहायक अन्जना काफ्ले (१३१६२) की आमा विन्दादेबी काफ्ले, शा.का. बरगाछीमा कार्यरत सु.गा. रत्नबहादुर परियार (११२८७) की आमा पदम माया दर्जि, शा.का. श्रीपुरमा कार्यरत सहायक उमेशप्रसाद यादव (११७५६) का पिता ध्रुब राउत अहिरको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**परिवार**

## सशस्त्र प्रहरी बल र बैंक...

ज्ञवालीले स्वागत मन्तब्य तथा प्रहरी नायब उपरीक्षक ध्रुब केसीले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

कार्यक्रम ब्रान्च अपरेशन विभागका उपप्रबन्धक जितेन्द्रसिंह थापाले सञ्चालन गर्नुको थियो । कार्यक्रममा बैंकका बाग्मती प्रादेशिक कार्यालयका प्रदेशिक प्रबन्धक ध्रुब अर्याल, स्वयम्भु शाखाका शाखा प्रबन्धक ज्ञानु सेढाई लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# प्रदेशगत रूपमा बैंकको शाखा प्रबन्धकस्तरीय गोष्ठीहरू सम्पन्न







**काठमाडौं, २५ साउन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड ब्रान्च अपरेशन विभागको आयोजना र प्रादेशिक कार्यालयहरुको संयोजनमा सातवटै प्रदेशमा आ.व. २०७८/०७९ को शाखा प्रबन्धक स्तरीय लक्ष्य, प्रगति समिक्षा तथा आ.व. २०७९/०८०को बजेट कार्यन्वयन सम्बन्धी गोष्ठीहरु सम्पन्न भएका छन् । बागमती प्रादेशिक कार्यालय अन्तर्गतका ६४ वटा शाखा कार्यालयका शाखा प्रबन्धकहरु सम्मिलित गोष्ठी साउन १० र ११ गते गोदावरीमा सम्पन्न भएको छ । त्यस्तै सुदूर पश्चिम र कर्णाली प्रादेशिक कार्यालय अन्तर्गतका ४९ वटा शाखा कार्यालयका शाखा प्रबन्धकहरु सम्मिलित गोष्ठी साउन १३ र १४ गते नेपालगंजमा सम्पन्न भएको छ । गण्डकी र लुम्बिनी प्रादेशिक कार्यालय अन्तर्गतका ६० वटा शाखा कार्यालयका शाखा प्रबन्धकहरु सम्मिलित गोष्ठी साउन १६ र १७ गते बुटवलमा सम्पन्न भएको छ । १ नम्बर प्रादेशिक कार्यालय अन्तर्गतका ५२ वटा शाखा कार्यालयका शाखा प्रबन्धकहरु सम्मिलित गोष्ठी साउन २० र २१ गते बिराटनगरमा सम्पन्न भएको छ । त्यसैगरी मधेश प्रादेशिक कार्यालय अन्तर्गतका ३२ वटा शाखा कार्यालयका शाखा प्रबन्धकहरु सम्मिलित गोष्ठी साउन २४ र २५ गते जनकपुरमा सम्पन्न भएको छ ।

प्रदेशगत रुपमा विभिन्न मितिमा सम्पन्न भएको सो गोष्ठीमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले समुद्घाटन गर्नुहुदैं बैंकको निक्षेप बढाउने र एनपिए घटाउने बैंकले लिएको रणनीति कार्यन्वयनमा थप लाग्नुपर्ने बताउनुभयो । उहाँले निस्कृय कर्जा अनुपात अन्य बैंकको तुलनामा अधिक रहेकाले यसलाई ग्राहकसँग सम्झौता गरेर वा नीति नियम, कानूनको परिपालनाबाट कम गर्न सकिने बताउनुभयो। उहांले व्यवसाय बृद्धिका लागि केही उपायहरु बताउदैं महामारीको समयमा पनि बैंकले सामाजिक बैंकिङ्ग सहित सर्वाधिक मुनाफा आर्जन गर्न सफल भएकोमा कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्नुभयो ।

गोष्ठीमा नायब प्रमुख कार्यकारी अधिकृतहरु देवेन्द्ररमण खनाल, उपकार्यकारी अधिकृतहरु देवेशप्रसाद लोहनी, विमल डंगोल, पवन रेग्मी, विनयरमण पौडेल, दुर्गा छत्कुल्ली कंडेल र विभागीय प्रमुखहरुले उठेका विषयबस्तु उपर छलफल गर्दै सुझाव दिनुभएको थियो । गोष्ठीमा उपकार्यकारी अधिकृत तथा विभागीय प्रमुखहरुले कर्जा व्यवस्थापन, डिजिटल बैंकिङ्ग र सूचना प्रविधि तथा उत्पादकत्व प्रभावकारीता विषयमा प्रशिक्षण दिनुभएको थियो ।

शाखा प्रबन्धकहरुले केन्दीय कार्यालयले उपलब्ध गराएको फर्मेटमा आ-आफ्नो शाखाको लक्ष्य प्रगति, बजेट कार्यन्वयन, शाखाले कसरी सेवा प्रवाह गरिरहेको तथा शाखामा रहेका विभिन्न समस्याहरुको बारेमा प्रस्तुतिकरण गरेका थिए ।








# राष्ट्रिय वाणिज्य बैंकको ऋणपत्र निष्काशनको लागि सानिमा क्यापिटललाई बिक्री प्रबन्धक नियुक्त




**काठमाडौं, ५ बैशाख**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले निष्काशन गर्न लागेको RBBL Debenture, 2089 ऋणपत्रको निष्काशन तथा बिक्री प्रबन्धकमा सानिमा क्यापिटल लिमिटेडलाई नियुक्त गर्ने सम्बनधमा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी र सानिमा क्यापिटलका प्रमुख कार्यकारी अधिकृत भिष्मराज चालिसेले हस्ताक्षर गर्नुभएको छ ।

बैंकले प्रति ऋणपत्र अंकित मूल्य रु.१०००।- दरले कुल ५ अर्ब रुपैंया (५० लाख कित्ता) मूल्य बराबरको दश वर्षे ऋणपत्र बिक्री गर्न लागेको हो । आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरेपछि बैंकले ऋणपत्र बिक्री गर्नेछ ।

RBBL Debenture, 2089 नामको कुल ५० लाख कित्ता ऋणपत्रमध्ये ३० लाख कित्ता व्यक्तिगत तवरबाट संगठित संस्थाहरुलाइ बिक्री गरिनेछ भने २० लाख कित्ता सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट ऋणपत्र बिक्री गरिनेछ । केयर रेटिङ्ग नेपाल लिमिटेडले बैंकलाई समयमै वित्तीय दायित्व पुरा गर्ने सन्दर्भमा प्रयाप्त मात्रामा सुरक्षा प्रदान गर्ने संस्थाको रुपमा रहेको संकेत गर्ने CARE-NP A+(Is) रेटिङ्ग प्रदान गरेको छ ।

# मुलकोटको अक्षित रिसोर्टमा राष्ट्रिय वाणिज्य बैंकका ग्राहकलाई २०% सम्म छुट




**काठमाडौं, ४ जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र सिन्धुली मुलकोटमा रहेको अक्षित रिसोर्ट एण्ड ग्याफिटिङ्ग बीच बैंकका ग्राहकहरुलाई रकम भुक्तानी गर्दा अधिकतम २० प्रतिशतसम्म छुट दिने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल र रिसोर्टका प्रोपाइटर रश्मी वस्नेतबीच हस्ताक्षर भएको छ ।

सम्झौता अनुसार राष्ट्रिय वाणिज्य बैंकका ग्राहकहरुले डिजिटल माध्यम (मोवाइल बैंकिङ्ग, एटिएम कार्ड, क्रेडिट कार्ड, कनेक्ट आइपिएस) बाट रकम भुक्तानी गर्दा रिसोर्टले पेय पदार्थमा १० प्रतिशत, खानामा १५ प्रतिशत र कोठामा २० प्रतिशत छुट प्रदान गर्नेछ ।

कार्यक्रममा बैंकका विभागीय प्रमुखहरु दुर्गाकुमारी कँडेल, सरोज वस्नेत, रिसोर्टका रामप्रसाद नेपाल लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# भुक्तानी तथा फछ्र्यौट सम्बन्धी तालिम सम्पन्न

**काठमाडौं, १७ बैशाख**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना र भुक्तानी तथा फछ्र्यौट विभागको समन्वयमा भुक्तानी तथा फछ्र्यौट सम्बन्धी तालिम गत बैशाख १६ र १७ गते काभ्रेको वल्थलीमा तालिम सम्पन्न भएको छ । बैंकको भुक्तानी तथा फछ्र्यौट विभागका कर्मचारी तथा उपत्यकाका विभिन्न शाखाका भुक्तानी तथा फछ्र्यौट सम्बन्धी कार्य गर्ने ४१ जना कर्मचारीहरुलाई प्रशिक्षकहरु विभागीय प्रमुख आनन्द सुवेदी, प्रबन्धकहरु दिनेश ओझा, विमल प्रसाद जोशी, एन.सि.एच.एल.का अधिकृत स्वस्ती रानाभाटले नेपाल राष्ट्र बैंकको भूक्तानी प्रणाली सँग सम्बन्धित विषय, नेपाल क्लियरिंग हाउससँग सम्बन्धित विषय, नेपाल सरकारका भन्सार तथा यातायात विभागसँग सम्बन्धित विषय, अन्तर्राष्ट्रिय रेमिट्यान्स सम्बन्धित विषयमा विषयगत प्रशिक्षण दिनुभएको थियो । तालिममा विभागीय प्रमुख पद्मा लक्ष्मी जि.सी. लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# सरकारी कारोबार सम्बन्धी तालिम सम्पन्न

**काठमाडौं, ८ जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना र बित्त विभागको समन्वयमा सरकारी कारोबार सम्बन्धी तालिम गत बैशाख २० र २१ गते गैंडाकोटमा तथा गत जेठ ८ गते नेपालगंजमा तालिम सम्पन्न भएको छ । बैंकको सरकारी कारोबार गर्ने ६० जना कर्मचारीहरुलाई प्रशिक्षकहरु उपकार्यकारी अधिकृत विमल डंगोल, विभागीय प्रमुख संजयकुमार श्रेष्ठ, नेपाल राष्ट्र बैंकका उप निर्देशक सुजन खनाल, उप महालेखा नियन्त्रक भेष प्रसाद भुर्तेल, प्रबन्धक विमल प्रसाद जोशी, प्रबन्धक रन्जन उप्रेती, उपप्रबन्धक अर्जुन प्रसाद दाहाल, ब.स.रविन्द्र प्रसाद चौलागाईले आजको सरकारी कारोबार विधि र प्रक्रिया, सरकारी कारोबार प्रतिवेदन, विद्युतिय कारोबार, सरकारी कारोबारमा प्रयोगकर्ताको व्यवस्थापन, सरकारी कारोबारको हिसाव मिलान र खातावन्दी, समस्याको पहिचान र समाधान विषयमा विषयगत प्रशिक्षण दिनुभएको थियो । तालिममा विभागीय प्रमुख आनन्द सुवेदी, मधेस प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक कमलेश ठाकुर, लुम्बिनी प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक दिनेश गौतम लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# बैंकको ५२ औं एक्सटेन्सन काउन्टर बुटवल उपमहानगरपालिकामा



**काठमाडौं, १८ साउन**

लुम्बिनी प्रदेश रुपन्देही जिल्लाको बुटवल उप महानगरपालिका कार्यालय परिसरमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५२ औं एक्सटेन्सन काउन्टर तथा राजश्व सङ्कलन केन्द्रको एक समारोहका बीच शुभारम्भ गरिएको छ। एक्सटेन्सन काउन्टरको समुद्घाटन बुटवल उप महानगरपालिका का प्रमुख खेलराज पाण्डेले गर्नुभएको थियो ।

कार्यक्रममा उप महानगरपालिका का प्रमुख खेलराज पाण्डेले बुटवल बजार व्यवसायीक क्षेत्र भएकाले काउण्टरबाट सरकारी कारोबार लगायत व्यवसायीक कारोबार समेतको माग रहेको बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकको वडा कार्यलयहरुबाट समेत राजश्व सङ्कलन गर्ने योजना रहेको बताउनुभयो ।

शाखा कार्यालय बुटवल मार्फत रहने सो एक्सटेन्सन काउन्टरबाट विभिन्न सरकारी कार्यालयबाट लिईने राजश्व, धरौटी, सेवा शुल्क, दस्तुर, कर्मचारी संचय कोष, नागरिक लगानी कोष लगायतको रकम जम्मा गर्न सकिने छ ।

बैंकका लुम्बिनी प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक दिनेश गौतमको सभापतित्वमा भएको कार्यक्रममा उपकार्यकारी अधिकृत सरस्वती अधिकारीले स्वागत मन्तव्य तथा  उप प्रबन्धक जितेन्द्रसिंह थापाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । सो अवसरमा विभिन्न वडाका वडा अध्यक्ष तथा सदस्यहरु, प्रमुख प्रशासकिय अधिकृत टेकराज पन्थी, उद्योग वाणिज्य महासंघ बुटवलका अध्यक्ष उज्वल कसजु, शाखा कार्यालय बुटवलका शाखा प्रबन्धक सुरेन्द्र यादब, कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो ।

**मानव संशाधन**

## मिति २०७९।०२।११ देखि २०७९।०३।१३ गते सम्म भएका सरुवा तथा पदस्थापन विवरण

| क्र.सं. | नाम | क.न. | हालको कार्यालय | प्रस्तावित कार्यालय | पद |
|---|---|---|---|---|---|
| १ | श्री बेनी श्रेष्ठ | १२४८४ | मुख्य शाखा कार्यालय, काठमाण्डौ | मुख्य शाखा कार्यालय, काठमाण्डौ | शाखा सहायक प्रबन्धक |
| २ | श्री नविन भट्टराई | १२३३९ | आर्यभन्ज्याङ्ग | भैरहवा | सहायक |
| ३ | श्री सबिना बज्राचार्य | १२८३१ | आर्यभन्ज्याङ्ग | आर्यभन्ज्याङ्ग | शाखा सहायक प्रबन्धक |
| ४ | श्री अमृता खनाल | १३२०८ | आर्यभन्ज्याङ्ग | आर्यभन्ज्याङ्ग | नगद सहायक |
| ५ | श्री सुशिल खनाल | १२७३६ | रामपुर | भैरहवा | बरिष्ठ सहायक |
| ६ | श्री शान्ति पाठक | ११९७९ | रामपुर | रामपुर | शाखा सहायक प्रबन्धक |
| ७ | श्री तारा देवी शर्मा | १३१९६ | रामपुर | रामपुर | नगद सहायक |
| ८ | श्री निकिता ताम्राकार | १२३०१ | जनकपुर | जनकपुर | नगद सहायक |
| ९ | श्री मनिता श्रेष्ठ | ११८७७ | धरान | धरान | नगद सहायक |
| १० | श्री प्रेम तिमिल्सेना | १३०१८ | दिपायल | डोटी | नगद सहायक |
| ११ | श्री प्रकाश पोखरेल | १२७८० | नारायणपुर | होलेरी | नगद सहायक |
| १२ | श्री कल्पना तिमिल्सेना | १३०१९ | डोटी | डोटी | सहायक (नगद) |
| १३ | श्री सन्जय महर्जन | १२८४० | नाम्चेबजार | नाम्चेबजार | शाखा सहायक प्रबन्धक |
| १४ | श्री सुरज श्रेष्ठ | १३२२५ | नाम्चेबजार | नाम्चेबजार | नगद सहायक |
| १५ | श्री रामबाबु पासवान | १२७२४ | कटारी | बयलवास | नगद सहायक |
| १६ | श्री कबिता कुमारी यादव | १३२३७ | बयलवास | बयलवास | सहायक (नगद) |
| १७ | श्री भिम प्रकाश मल्ल | १०८३१ | गुलरीया | गुलरीया | शाखा सहायक प्रबन्धक |

## बढुवा

**काठमाडौं, ३२ असार**

राष्ट्रिय वाणिज्य बैंक सञ्चालक समितिको मिति २०७९।३।३२ मा बसेको २५५७औं बैठकको निर्णयानुसार उपकार्यकारी अधिकृत सरस्वती अधिकारीलाई नायब प्रमुख कार्यकारी अधिकृतमा बढुवा गरिएको छ । यसैगरी सोही बैठकले उपकार्यकारी अधिकृतमा मुख्य प्रबन्धक दुर्गा कुमारी कँडेललाई बढुवा गरेको सूचना प्रकाशित गरेको छ ।

**युनियन गतिविधि**

## रा.वा. बैंक कर्मचारी संघ नेपालको ३३ औ वार्षिकोत्सब कार्यक्रम सम्पन्न




**काठमाडौं, ६ साउन**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको ३३ औं वार्षिकोत्सव कार्यक्रम विविध कार्यक्रमका बीच सम्पन्न भएको छ । नेकपा एमालेका महासचिव शंकर पोखरेलले एक समारोहका बीच ३३ औं वार्षिकोत्सब मुल कार्यक्रमको समुदघाटन गर्नुभयो । सो अवसरमा महासचिव पोखरेलले ट्रेड युनियनहरुले कर्मचारीहरुको हक हित र कार्यरत संस्थालाई सबल बनाउन भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो ।

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका का.वा.अध्यक्ष रामप्रसाद जोशीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा का.वा.अध्यक्ष जोशीले कर्मचारीहरुको तर्फबाट जायज ढङ्गले राखिएका मागहरु सम्बोधन गर्नुपर्ने बताउनुभयो । सो कार्यक्रममा पेशागत महासंघ नेपालका अध्यक्ष एवं नेकपा एमालेका केन्द्रीय सदस्य बाबुराम थापाले आफ्नो हक हितको लागि सम्पूर्ण पेसाकर्मीहरु एक हुनुपर्ने बताउनुभयो। सो कार्यक्रममा नेकपा एमाले उपत्यका विशेष प्रदेश कमिटीका अध्यक्ष प्रेमकुमार पराजुली, बैंक, बीमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ (BIFU) नेपालका राष्ट्रिय समितिका अध्यक्ष धर्मराज मैनाली, बैंक सञ्चालक समितिका अध्यक्ष डा.बलराम पाठक, प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, कर्मचारी संघ नेपालका निवर्तमान अध्यक्ष हेमराज सुवेदी, नेपाल वित्तीय संस्था कर्मचारी संघ रावा बैंकका अध्यक्ष ईश्वर बहादुर सिंह, नेपाल राष्ट्रिय कर्मचारी संगठन रावा बैंकका अध्यक्ष दिपेन्द्र कार्कीले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा पेसागत हक, हित तथा सस्थाको सम्बर्द्धनका बिषयमा व्यापक रुपमा विषयहरु उठान गरिएको थियो ।

कर्मचारी संघ नेपालका महासचिव लक्ष्मीप्रसाद पाण्डेयले सञ्चालक गर्नुभएको सो कार्यक्रममा उपाध्यक्ष बद्रीप्रसाद तिमिल्सनाले स्वागत मन्तव्य दिनुभएको थियो। कार्यक्रममा संघका पूर्व अध्यक्षहरु, विभिन्न प्रतिष्ठानस्तरका ट्रेड यूनियनका अध्यक्षहरु, बैंकका नायब प्रमुख कार्यकारी अधिकृत, उपकार्यकारी अधिकृतहरुहरु, विभागीय प्रमुखहरु, शाखा प्रबन्धकहरु, संघका पदाधिकारीहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा दैविक/प्राकृतिक प्रकोपबाट पिडितहरुलाई सहायता गर्नकालागि राविया नेपाल रिलीफ फण्ड आभियान सार्वजनिक गरिएको थियो। कार्यक्रममा १२१ जना बैंक कर्मचारीहरुले रक्तदान गर्नुभएको थियो भने संघको झण्डोत्तलन, वृक्षारोपण, सेवा निवृत २७ जना बैंक कर्मचारीहरुलाई संघको आजिवन सदस्य पदक प्रदान, म्युजिकल चेयर खेल प्रतियोगिता सञ्चालक गरिएको थियो ।

राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD. ...तपाईंको आफ्नै बैंक

वर्ष २९ अंक ४ वैशाख – असार २०७९ Year 29 Vol 4 May 2022 - July 2022

# ब्राण्ड एम्बासडरमा मिस नेपाल प्रियंका रानी जोशी




**काठमाडौं, ९ साउन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आफ्नो व्यवसाय प्रवर्द्धनको लागि मिस नेपाल वर्ल्ड-२०२२ लाई सोमबार एक कार्यक्रमका बीच ब्रान्ड एम्बासडरमा नियुक्ती गरिएको छ। राष्ट्रिय वाणिज्य बैंक र दी हिडन ट्रेजर प्रा.लि. बीच भएको सम्झौतामा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र दी हिडन ट्रेजर प्रा.लिको तर्फबाट अध्यक्ष दीवाकर राजकर्णिकारले हस्ताक्षर गर्नु भएको छ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले राष्ट्रिय बाणिज्य बैंकले प्रवाह गरिरेको आधुनिक बैंकिङ्ग सेवाको बारेमा खासगरी युवावर्गका ग्राहकहरुमा थप जानकारी दिई आफ्नो व्यवसायलाई प्रवर्द्धन गर्नको निमित्त बैंकले आफ्नो ब्रान्ड एम्बासडरमा मिस नेपाल वर्ल्ड २०२२ प्रियांका रानी जोशीलाई नियुक्ती गरिएको बताउनुभयो। सो कार्यक्रममा दी हिडन ट्रेजर प्रा.लिको तर्फबाट अध्यक्ष दीवाकर राजकर्णिकारले यस्तो सम्झौताले दुवै संस्थाको इमेज निर्माण भई देशको पर्यटन तथा आर्थिक क्षेत्रको विकासमा सहयोग पुग्ने बताउनुभयो। सो कार्यक्रममा मिस नेपाल वर्ल्ड २०२२ प्रियांका रानी जोशीले आफु इतिहास बोकेको सरकारी स्वमात्विमा रहेको वाणिज्य बैंकको ब्रान्ड एम्बासडर हुन पाउदा अत्यन्त खुसी लागेको बताउनुभयो। बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको कार्यक्रमको सञ्चालक सुस्मिता बैद्यले गर्नु भएको थियो।

कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृतहरु देवेश प्रसाद लोहनी, विमल डंगोल, पवन रेग्मी, विनयरमण पौडेल, दुर्गाकुमारी कंडेल, विभागीय प्रमुखहरु, दी हिडेन ट्रेजरका निर्देशकद्धय सुवर्ण क्षेत्री प्रमोद कंसकार, मिस नेपाल वर्ल्ड-२०२० नम्रता श्रेष्ठ, मिस नेपाल अर्थ-२०२२ डा.सरिसा श्रेष्ठ, मिस नेपाल इन्टरनेशनल-२०२२ न्यान्सी खड्का लगायत बैंक कर्मचारीहरुको उपस्थिति रहेको थियो।

# बैंकको फुल डबल मुद्दती सार्वजनिक

**काठमाडौं, १५ साउन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले फुल डबल मुद्दती खाता सञ्चालनमा ल्याएको छ। ग्राहकले यो मुद्दती खातामा लगानी गरेको रकम ६ वर्ष ७ महिना २३ दिनमा दुई गुणा हुने छ । सो अवधीको अन्त्यमा बैंकले कुनै पनि शुल्क कट्टी नगरी ग्राहकलाई पूरा दोब्बर (Full Double) रकम भुक्तानी गर्नेछ। यो योजनामा ग्राहकले कुल जम्मा रकमको ९० प्रतिशतसम्म कर्जा लिन सक्नेछन्।

यो मुद्दती खाता खोल्ने ग्राहकहरुले लकर सेवामा शत प्रतिशत, क्रेडिट कार्ड सुबिधामा ५० प्रतिशत छुट पाउनेछन्। त्यसैगरी डेबिट कार्ड, मोबाइल बैंकिङ्ग सेवामा शुरुको वर्ष निशुल्क र बाँकी अवधीको शुल्कमा ५० प्रतिशत छुट लगायत अन्य आकर्षक सुबिधाहरु पनि प्रदान गरिनेछ। देशभरका सम्पूर्ण शाखा कार्यालयहरु मार्फत यो मुद्दती खाता खोल्न सकिने छ।




Chief Advisor: Kiran Kumar Shrestha, CEO. Advisor: Debesh Prasad Lohani, DEO & Information Officer.
Assistant Editor: Ishwar Upreti
Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423, E-mail: rbbnl@rbb.com.np
Printed at: P.S. Printing Press, Bhaktapur